प्रदेश सरकार
प्रदेश नं. ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बुटवल, नेपाल

सचिव बैठक नं: ९
मितिः २०७५।५।१५

**उपस्थितिः**

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल, | प्रमुख सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री दिपेन्द्र काफ्ले, | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री बसन्त अधिकारी, | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री भरत मणि रिजाल, | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री मान वहादुर वि के, | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री यामनारायण देवकोटा, | सचिव | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| श्री मनोज श्रेष्ठ | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री पुष्करराज पन्त, | सचिव | सामाजिक विकास मन्त्रालय |
| श्री जनार्दन पौडेल | नि.सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री जीवन पंगेनी | नि. सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |

**आमन्त्रित**

| | | |
|---|---|---|
| श्री यमकान्त पाण्डेय | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री ज्ञानहरि घिमिरे | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

**निर्णयहरुः**

१. दिवस मनाउने सम्बन्धमा

क. भाद्र २२ गते निजामती सेवा दिवश मनाउनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री बसन्त अधिकारीको संयोजकत्वमा विभिन्न मन्त्रालयका प्रतिनिधिहरूको बैठक राखी कार्यक्रमहरु निर्धारण गर्ने ।

२. संगठन संरचना र जनशक्ति व्यवस्थापनः

क. सबै मन्त्रालयले प्रस्तावित संगठन संरचनाबमोजिम मन्त्रालयअन्तर्गत महाशाखा र शाखा तथा मातहत निकायहरुको कार्यविवरण १५ दिन भित्रमा तयार पार्ने ।

प्रमुख सचिव

ख. हरेक मन्त्रालयमा गठित संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिले सांगठनिक कार्य विश्लेषण तथा कार्य विस्तृतीकरण अध्ययन गरी विस्तृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तोकिएको मितिभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने ।

ग. प्रस्तावित संगठन संरचनाबमोजिम सबै मन्त्रालयले अन्तर्गतका निकाय तथा कार्यालयहरु स्थापना गर्दैजाने ।

घ. मन्त्रालयले कर्मचारी कामकाज गर्न खटाउँदा देहायबमोजिम गर्ने ।

(१) कार्यालयमा कामकाज गर्न खटाउनुभन्दा पहिले सम्बन्धित कार्यालयहरुको कार्यविवरण तयार गर्न लगाउने । सो क्रममा आवश्यक भए ती कर्मचारीहरूलाई तथ्याङ्क संकलन तथा अवलोकनका निमित्त सम्बन्धित स्थानमा खटाउने ।

(२) कर्मचारीलाई खटनपटन गर्नुभन्दा पहिले आवश्यकताबमोजिम अभिमुखीकरण गर्ने ।

(३) ज्येष्ठता, क्षमता, योग्यता र अनुभवका आधारमा सम्बन्धित मन्त्रालयले कर्मचारी खटाउने ।

ङ. सबै मन्त्रालयले मन्त्रालय र मातहत कार्यालयमा कार्यरत कर्मचारीहरुको व्यक्तिगत सूचना व्यवस्थित तथा अद्यावधिक गरी राख्ने ।

३. अन्यः

क. प्रदेशको आवधिक योजना निर्माणका लागि सबै मन्त्रालयले आफ्नो मन्त्रालयसम्वद्ध तथ्याङ्क, विवरण र विषय क्षेत्रगत प्राथमिकतासम्बन्धी सूचना उपलब्ध गराई प्रदेश योजना आयोगलाई सहयोग गर्ने ।

ख. मन्त्रालयका लागि आवश्यक कानूनहरु मस्यौदाका लागि सरोकारवालाहरूको राय लिन आवश्यक भएमा अन्तरक्रिया बैठक, गोष्ठी आयोजना गर्ने, कानूनको प्राथमिकीकरण गर्ने र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा कानून मस्यौदा तथा सुझाव आयोगको सहयोगमा कानून निर्माण गर्ने । यसका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानून हेर्ने सचिवले समन्वय तथा सहजीकरण गर्ने ।

७५।५।१६

प्रमुख सचिव